# तारकेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकुद शाखा)
दाङसिङ, नुवाकोट

प्रदेश नं. ३ नेपाल ,

प.स.: ०७६/०७७
च.नं. 656

मिति : २०७७।०२।२५

विषय : विद्यालय समायोजन तथा एकिकरण सम्बन्धमा ।

श्री सम्पूर्ण वडा कार्यालय, विद्यालयहरु
तारकेश्वर गाउँपालिका,नुवाकोट ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा बाट गोरखापत्रमा मिति २०७७।०२।२१ मा प्रकाशित सूचना अनुसार सार्वजनिक तथा संस्थागत विद्यालय समायोजन तथा एकिकरण कार्यविधि २०७७ ले तोकेको मापदण्ड अनुसार विद्यालय समायोजन तथा एकिकरण गर्नुपर्ने देखिएका विद्यालयहरु बीच समन्वय गरी विद्यालयहरुको विवरण तयार पारी वडा कार्यसमितिको निर्णय सहित तारकेश्वर गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा आवश्यक कागजातको प्रतिलिपि पेश गर्नुहुन अनुरोध छ ।

शिक्षा अधिकृत

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा

सानोठिमी, भक्तपुर

प.सं. :- ०७६।७७
च.नं. :- १५५

मिति २०७७।०२।२०

**विषय : शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय समयोजन तथा एकिकरण सम्बन्धी जरुरी सूचना**

**(गोरखापत्रमा मिति २०७७।०२।२१ मा प्रकाशित)**

श्री नगरपालिका तथा गाउँपालिकाहरु (सबै)

"सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" अनुसार दुई वा दुइ भन्दा बढी विद्यालय तथा कक्षाहरु एक आपसमा **समायोजन, एकीकरण भएमा त्यस्ता विद्यालयहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था रहेको** । यस सम्बन्धी विस्तृत जानकारी केन्द्रको वेभसाइट www.doe.gov.np मा रहेको कार्यविधिबाट लिनुहुन अनुरोध छ । सो कार्यविधिअनुसार प्रोत्साहन अनुदान प्राप्त गर्नका लागि देहाय अनुसारको विवरण २०७७ असार ३ गतेभित्र केन्द्रको इमेल ठेगाना cehrd.ss@gmail.com मा आइपुग्ने गरी पठाउनु हुन अनुरोध छ ।

**तपसिल**

| विद्यालयहरुको प्रकार | समायोजन भएका विद्यालयहरु नाम ठेगाना IEMIS कोड सहित | विद्यार्थी संख्या | कायम रहेको विद्यालय | समायोजन भएको तह/कक्षा | समायोजित कक्षा संख्या | स्थानीय तहको निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क.सार्वजनिक विद्यालयमा निजी लगानीका विद्यालय | | | | | | | |
| ख सार्वजनिक र सार्वजनिक विद्यालयहरु | | | | | | | |
| ग. कक्षा वा तह घटाएर सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन वा एकीकरण | | | | | | | |

पुनश्च : स्थानीय तहको निर्णयको प्रमाणित प्रतिलिपीको स्क्यान कपि पेश गर्नु पर्नेछ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइहरु : यस कार्यको समन्वय र सहजीकरण गर्नुहुन ।

( द. )
गेहनाथ गौतम
निर्देशक

थप जानकारीका लागि

**"सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" अनुसार समायोजन एवम् एकीकरण भएका विद्यालयलाई अनुदान दिने आधारहरु :**

सम्वत् २०७४ साल चैत्र मसान्तसम्म कम्तीमा एक शैक्षिक सत्र पूरा गरेका र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कार्यान्वयन पश्चात् स्थानीय तहले विधिसम्मत् ढंगले समायोजन गरेका विद्यालयहरुलाई एक पटकका लागि मात्र देहाय बमोजिम प्रोत्साहन अनुदान प्रदान गरिनेछ :

**(क) सार्वजनिक र निजी लगानीको विद्यालय समायोजन एवम् एकीकरण भएमा**

| क.स. | समायोजन एवम् एकीकरण भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान |
|---|---|---|
| १. | आधारभूत तहको कक्षा ५ सम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु २० लाख |
| २. | आधारभूत तहको कक्षा ८ सम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु ३० लाख |
| ३. | माध्यमिक तहसम्म संचालित संस्थागत विद्यालय सार्वजनिक विद्यालयमा समायोजन भएमा | रु ५० लाख |

**(ख) सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण भएमा**

| क.स. | समायोजन एवम् एकीकरण भएको विद्यालयको स्वरुप | प्रोत्साहन अनुदान |
|---|---|---|
| ४. | कक्षा ५ सम्म संचालित कुनै विद्यालय कक्षा ५ सम्म संचालित अर्को विद्यालयमा समायोजन भएमा | रु २५ लाख |
| ५. | कक्षा ३ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३० लाख |
| ६. | कक्षा ३ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३५ लाख |
| ७. | कक्षा ५ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ३५ लाख |
| ८. | कक्षा ५ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ४० लाख |
| ९. | कक्षा ८ सम्म संचालित विद्यालय कक्षा ८ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ४५ लाख |
| १०. | कक्षा ८ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ५० लाख |
| ११. | कक्षा १० वा १२ सम्म संचालित विद्यालय कक्षा १० वा १२ सम्म संचालित विद्यालयमा समायोजन भएमा | रु ६० लाख |

**(ग) कक्षा घटाएर सार्वजनिक र सार्वजनिक विद्यालय समायोजन वा एकीकरण भएमा :**

(१) आधारभूत तहको हकमा समायोजन भई बन्ने विद्यालयले समायोजन भएको प्रति कक्षा रु.पाँच लाखका दरले र समायोजित भई जाने विद्यालयले समायोजनमा गएको प्रतिकक्षा रु.दुई लाख पचास हजारका दरले प्रोत्साहन अनुदान पाउनेछ ।

(२) माध्यमिक तहको हकमा समायोजन भई बन्ने विद्यालयले समायोजन भएको प्रति कक्षा रु.दश लाखका दरले र समायोजित भई जाने विद्यालयले समायोजनमा गएको प्रतिकक्षा रु.पाँच लाखका दरले प्रोत्साहन अनुदान पाउनेछ ।